# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, जेठ २१ गते २०४२ साल (संख्या ८

## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

सरकारी मुद्दासम्बन्धी (चौथो संशोधन) नियमावली, २०४२

सरकारी मुद्दासम्बन्धी नियमावली, २०१८ लाई संशोधन गर्न वान्छनीय भएकोले,

सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "सरकारी मुद्दासम्बन्धी (चौथो संशोधन) नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. सरकारी मुद्दासम्बन्धी नियमावली, २०१८ मा नियम ५क. थप : सरकारी मुद्दासम्बन्धी नियमावली, २०१८ को नियम ५ पछि देहायको नियम ५क. थपिएको छः–

"५क. शव परीक्षण (पोष्ट मोर्टम) गराउनु नपर्ने अवस्थाः (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दुर्घटनामा परी कुनै व्यक्तिको मृत्यु भएकोमा मृतकको नजिकको हकवालाले सो दुर्घटना कसैको कर्तव्यबाट भएको होइन, मृतकको शव परीक्षण नगराई आफ्नो कुलको रीति-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

थितिबमोजिम सतगत गर्न पाउँ, दुर्घटनाबाट मरेको होइन भनी पछि अरू कुनै कुराको उजूर गर्नेछैन भनी दुर्घटना भएका जिल्लाको जिल्ला अदालतमा वा लास रहेको ठाउँबाट सो अदालत टाढा भए नजिकको अन्य अदालतमा निवेदन दिएमा कसैको कर्तव्यबाट मरेको भन्ने शङ्का गर्नु पर्ने अवस्था नदेखिएमा अदालतको न्यायाधीशले मृतकको शव परीक्षण गराउन नपर्ने गरी आदेश दिन सक्नेछ । त्यस्तो आदेश भएकोमा प्रहरी कर्मचारीले अपराध अनुसन्धानको सिलसिलामा मृतकको शव परीक्षण गराउनु पर्नेछैन ।

(२) उपनियम (१) बमोजिम अदालतबाट आदेश भएपछि मृतकको शव परीक्षण नगराई प्रहरी कर्मचारीले त्यस्तो लास मृतकको नजिकको नातेदारलाई सुम्पी दिनेछ ।

(३) उपनियम (२) बमोजिम लास सुम्पिदा त्यस्तो लासको बाहिरी प्रकृतिको विवरण खुलाई मृतकको पाएसम्म नजिकको नातेदार र अरू कम्तीमा दुई जना व्यक्तिको रोहवरमा लास जाँच मुचुल्का गरी राख्नु पर्नेछ ।"

आज्ञाले,

ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

# अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको प्रयोजनको लागि सेती र गण्डकी अञ्चलस्थित नाप-तौल कार्यालयका निरीक्षकहरूलाई नै क्रमशः महाकाली र धौलागिरि अञ्चलको लागि पनि अधिकारी तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उप-दफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी बाबा प्राथमिक विद्यालय, चाबहिल काठमाडौंले नेपाल आएको पर्यटकले कार्नेअन्तर्गत ल्याएको डाएम्लर बेन्ज कम्पनीको च्यासिस नं. ३०९४२७–१०–२९४८४९, इन्जन नं. ३१४९४८–१०–२७५०५१, मोडल नं. १९७७ को बस थान १ (एक) खरीद गरेकोले सो बसको आयातमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उप-दफा (१) र बिक्री-कर ऐन,२०२३को दफा२१ले दिएको अधिकार प्रयोग गरी इण्टिग्रेटेड डेभलपमेण्ट सिष्टम्स (प्रा.)लि., काठमाडौंले हङकङबाट आयात गरेको अमेरिकी डलर ११,५२०।– मूल्य बराबरको आई. बी. एम. कम्प्युटर र सोको उपकरणहरूको आयातमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

१८०५